# समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड,
## केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोक

## आर्थिक वर्ष २०७७/०७८ को,

## "आठौं वार्षिक साधारण सभाको निर्णय माईन्युट"

**१. वैधानिक सभा :**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०८/०९ गते बिहिवारको दिन बसेको सञ्चालक समितिको ११९ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियामावलीमा भएको व्यवस्था बमोजिम संस्थाको आर्थिक वर्ष २०७७/०७८ को आठौं वार्षिक साधारण सभा सञ्चालक समितिको अध्यक्ष **श्री डम्मर मणि थेवे लिम्बु** ज्यूको सभापतित्वमा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सू-सम्पन्न गरियो ।

**२. सभाको स्थान, मिति र समय :**

मिति : २०७८ साल पौष महिनाको ०७ गते बुधवार, तद्नुसार २२ डिसेम्वर २०२१

समय : बिहान ११:३० बजे

स्थान : मिराबेल रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक

**३. सभाको सूचना प्रकाशन :**

३.१ यस वित्तीय संस्थाको नियमावलीको नियम २८ (३) र कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने मिति, समय, स्थान र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रथम पटक मिति २०७८/०८/१२ गते **"कारोवार"** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसै गरी यस सभा सम्बन्धी दोस्रो पटक २०७८/०९/०१ गते **"कारोवार"** राष्ट्रिय दैनिक पत्रिकामा समेत सभा हुने जानकारी सहितको सूचना प्रकाशित गरिएको थियो ।

३.२ यस वित्तीय संस्थाको सभा सम्वन्धी जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई मिति २०७८/०८/१२ गते र कम्पनी ऐन २०६३ बमोजिमको दफा ७८ र ५१ अनुसारको प्रमाणित विवरण नियमानुसार साधारण सभा हुनु भन्दा २१ दिन अगावै मिति २०७८/०८/१२ गते कम्पनी रजिष्ट्रार कार्यालयको आधिकारिक वेवसाइड www.ocr.gov.np मा अपलोड गरिएको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ ज्यू बाट जानकारी भयो ।

३.३ यस वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा प्रयोजनको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७८/०८/२३ गते सम्म कारोबार भई मिति २०७८/०९/०७ गते सम्म शेयर रजिष्ट्रार श्री आरविवि मर्चेन्ट बैंकिङ लिमिटेडमा प्राप्त भएको नामसारी लिखतको आधारमा कम्पनीको शेयर दर्ता पुस्तिकामा कायम रहेको शेयरधनी महानुभावहरुको घर ठेगानामा उपरोक्त बमोजिमको बार्षिक प्रतिवेदन, आ.व. २०७७/२०७८ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण पठाउन नसकिएको कारण कम्पनीको वार्षिक प्रतिवेदन, आर्थिक विवरणको साथ सभाको सूचना यस संस्थाको वेवसाइट www.samata.org.np मा राखिएको साथै कम्पनीको केन्द्रीय कार्यालयबाट समेत प्राप्त गर्न सकिने व्यवस्था गरिएको व्यहोरा सभामा अवगत गराईएको थियो ।

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Estd.2070
Banepa, Kavre

४. **सभामा छलफल गरिने विषयहरुको सूची प्रस्तुत :**

कम्पनी सचिव श्री विश्वराज श्रेष्ठले पूर्व सूचित सूचना अनुसार सभामा देहाय बमोजिम छलफलका बिषयहरु रहेको स्मरण गराउदै विषय सूचीहरु बाचन गर्नुभयो ।

क. **सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत गर्नु हुने आर्थिक बर्ष २०७७/०७८ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धित अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/०७९ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको बाह्य लेखापरीक्षक एल.एस.पि. एसोसियट्स, ललितपुर पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)

४. आर्थिक बर्ष २०७८/०७९ को बार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७७/०७८ सम्मको वितरणयोग्य मुनाफाबाट २०७८ असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. २८,५६,२०,१६०/- को ५ प्रतिशतले हुन आउने रकम १,४२,८१,००८/- (अक्षरेपी एक करोड बयालिस लाख एकासी हजार आठ रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(साविक समता लघुवित्त र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई मिति २०७८/०१/०२ गते देखि एकीकृत वित्तीय कारोवार शुरुवात गरिएको हुँदा आयकर ऐन २०५८ को दफा ४७ (क) उपदफा ५ मा भएको व्यवस्था बमोजिम घोषित लाभांश रकममा लाग्ने लाभांश करको छुट हुने व्यवस्था बमोजिम कर रकम नछुटाइएको ।)

ख. **विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७७/०७८ सम्मको वितरणयोग्य मुनाफा र शेयर स्वाप आम्दानीबाट २०७८ असार मसान्तसम्म कायम चुक्ता पूँजी रु. २८,५६,२०,१६०/- को २० प्रतिशतले हुन आउने रकम रु. ५,७१,२४,०३२/-(अक्षरेपी पाँच करोड एकहत्तर लाख चौविस हजार बत्तिस रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-८, काभ्रेपलाञ्चोकबाट बनेपा-७, काभ्रेपलाञ्चोकमा स्थानान्तरण गरी ठेगाना परिवर्तन गर्ने प्रस्ताव अनुमोदन गर्ने ।

३. वित्तीय संस्थाको प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम शेयर संरचना ७० : ३० (संस्थापक : सर्वसाधारण) कायम हुने गरी पुनः सर्वसाधारणलाई शेयर (Further Public Offering-FPO) जारी गर्ने ।

४. वित्तीय संस्थाको सञ्चालक समितिमा १ जना महिला सञ्चालक सहित जम्मा ६ जना सञ्चालकहरु मध्ये संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने । (निर्वाचन प्रक्रिया सम्बन्धी सम्पूर्ण जानकारी/निर्वाचन तालिका संस्थाको केन्द्रीय कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ साथै यस सम्बन्धमा थप जानकारी आवश्यक भए संस्थाको कम्पनी सचिव श्री विश्व श्रेष्ठ (९८०२५३१९५९) लाई कार्यालय समय भित्र सम्पर्क गर्न सक्नुहुनेछ) ।

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Estd.2070
Banepa, Kavre

५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

## ५. उपस्थितिहरु :

### ५.१ सञ्चालकहरुको उपस्थिति :

| क्र.सं. | नाम | पद | समूह | शेयर कित्ता |
|---|---|---|---|---|
| १. | श्री डम्मर मणि थेबे लिम्बु | अध्यक्ष | संस्थापक | १,०१,६०४।४० |
| २. | श्री राजेश्वर प्रसाद आचार्य | सञ्चालक | संस्थापक | ४५,९१४।४० |
| ३. | श्री रमेश कुमार प्रधान | सञ्चालक | संस्थापक | ८,००० |
| ४. | श्री किशोर शेर्पा | सञ्चालक | संस्थापक | ८,००० |
| ५. | श्री भक्तराम खडका | सञ्चालक | सर्वसाधारण | ८७१।१६ |
| ६. | श्री अनुपा ओझा | सञ्चालक | सर्वसाधारण | १२६ |
| ७. | श्री निरंजन पराजुली | सञ्चालक | स्वतन्त्र | ० |

### ५.२ प्रमुख अतिथि :

| क्र.स | प्रमुख अतिथिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री कमल बहादुर राजलवट | प्रमुख कर अधिकृत | आन्तरिक राजस्व कार्यालय, धुलिखेल |

### ५.३ कार्यरत कर्मचारीहरुको उपस्थिति :

| क्र.स | कर्मचारीहरुको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री डा. मदन घिमिरे | प्रमुख कार्यकारी अधिकृत | समता घरेलु लघुवित्त वित्तीय संस्था लि., बनेपा, काभ्रे |
| २ | श्री बद्री प्रसाद अधिकारी | नायव कार्यकारी अधिकृत | |
| ३ | श्री विश्वराज श्रेष्ठ | प्रबन्धक/कम्पनी सचिव | |
| ४ | श्री राजेश दाहाल | प्रमुख-प्रशासन विभाग | |
| ५ | श्री सोनाम शेर्पा | प्रमुख-अनुगमन तथा सुपरिवेक्षण विभाग | |
| ६ | श्री अञ्जना प्याकुरेल | प्रमुख-वित्त विभाग | |
| ७ | श्री प्रभा विश्वकर्मा | प्रमुख-आन्तरिक लेखापरीक्षण विभाग | |
| ८ | श्री सुजिता तामाङ्ग | प्रमुख-लेखा विभाग | |
| ९ | श्री मिथलेश श्रीबास्तव | प्रमुख-आइटि विभाग | |
| १० | श्री हरि प्रसाद पंडित | प्रमुख-जनशक्ति तथा तालिम विभाग | |
| ११ | श्री अशोक नेपाल | कनिष्ठ अधिकृत-कनिष्ठ अधिकृत | |
| १२ | श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख- कर्जा, जोखिम तथा असुली विभाग | |

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2070 Banepa, Kavre

५.४ अन्य पर्यवेक्षकहरुको उपस्थिति :

| क्र.स | पर्यवेक्षकहरुको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र प्रसाद पाण्डे | अध्यक्ष | स्वरोजगार लघुवित्त |

**५.५ वित्तीय संस्थाको शेयर रजिष्ट्रारको तर्फबाट उपस्थिति :**

| क्र.स | शेयर रजिष्ट्रार प्रतिनिधिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री बद्री प्रसाद प्याकुरेल | प्र.का.अ. | आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड |

**५.६ निर्वाच अधिकृतको उपस्थिति :**

| क्र.स | निर्वाचन अधिकृत नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री विश्वम्भर बुढाथोकि | निर्वाचन अधिकृत | |
| २ | श्री उमा प्रसाई | स. निर्वाचन अधिकृत | |

**५.७ शेयरधनीहरुको विवरण र उपस्थिति संख्या :**

| १ | **कम्पनीको जम्मा शेयरधनी संख्या** | **उपस्थिति संख्या** |
|---|---|---|
| १.१ | संस्थापक शेयरधनी संख्या | **९१** |
| १.२ | सर्वसाधारण शेयरधनी संख्या | **१०,८१७** |
| २ | **जम्मा शेयरधनीहरु मध्ये सभामा उपस्थिति शेयरधनी संख्या :** | |
| २.१ | **संस्थापक शेयरधनीहरुबाट उपस्थिति शेयरधनी संख्याको विवरण** | **६९** |
| | सभा स्थलमा स्वयम् उपस्थिति संख्या | ३० |
| | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति संख्या | ३९ |
| २.२ | **सर्वसाधारण शेयरधनीहरुबाट उपस्थिति शेयरधनी संख्या** | **७८** |
| | सभा स्थलमा स्वयम् उपस्थिति संख्या | ३० |
| | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति संख्या | ४८ |
| | **जम्मा उपस्थिति संख्या** | **१४७** |

**६. सभाको बैद्यानिकता :**

**६.१ गणपुरक संख्या :**

यस वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०७८/०८/२३ गते सम्म कायम शेयरधनी तथा निजहरुले धारण गरेको शेयरको विवरण यस प्रकारको रहेको छ ।

| क्र.स. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | ९१ | २१,६८,१८१।१२ | कुल कित्ताको ७५।९१% (मर्जर पश्चात् देखिएको) |
| २ | सर्वसधारण शेयरधनीहरु | १०,८१७ | ६,८८,०२०।४८ | कुल कित्ताको २४।०१% (मर्जर पश्चात् देखिएको) |
| जम्मा | | **१०,९०८** | **२८,५६,२०१।६०** | |

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2070 Banepa, Kavre

कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम बार्षिक साधारण सभा संचालनको लागि आवश्यक गणपुरक संख्या कम्पनीको कुल चुक्ता शेयर कित्ताको ५० प्रतिशत भन्दा बढिको उपस्थिति *(कम्पनीको शेयरधनीहरु सभा स्थलमा स्वयम् वा प्रोक्सी प्रतिनिधि मार्फत भएको उपस्थित शेयरधनीहरुले ग्रहण गरेको शेयरहरुको संख्या)* हुनुपर्ने प्रावधान रहेकोमा देहाय बमोजिम शेयरधनीहरुको उपस्थिति रहेको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ बाट अवगत भयो र उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानून बमोजिम बोलाइएको हुँदा पूर्व सूचित प्रस्तावहरु माथि छलफल गर्न मञ्जुर गर्नुभयो ।

| विवरण | कूल संख्या | शेयरधनी संस्थापक र सर्वसाधारण | | |
|---|---|---|---|---|
| | | सभा हलमा स्वयमं उपस्थिति | प्रतिनिधि (प्रोक्सी) | जम्मा |
| **कम्पनीको शेयरधनी संख्या** | १०,९०८ | ६० | ८७ | १४७ |
| **कम्पनीको शेयर कित्ता** | २,८५६,२०१.६० | ९८८,०६८.२५ | ८९६,५२२.२७ | १८,८४,५९०.५२ |
| शेयरधनी संख्या (संस्थापक समूह) | ९१ | ३० | ३९ | ६९ |
| शेयर कित्ता (संस्थापक समूह) | २,१६८,१८१.१२ | ९८२,६५०.३६ | ८४२,८७८.०० | १,८२५,५२८.३६ |
| शेयरधनी संख्या (सर्वसाधारण समूह) | १०,८१७ | ३० | ४८ | ७८ |
| शेयर कित्ता (सर्वसाधारण समूह) | ६८८,०२०.४८ | ५४१७.८९ | ५३,६४४.२७ | ५९,०६२.१६ |
| **प्रतिनिधित्व प्रतिशत** | | | | ६५.९८% |

यस साधारण सभामा कुल शेयर संख्याको **६५।९८ प्रतिशत** शेयरको प्रतिनिधित्व हुनेगरी शेयरधनीहरुको उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुरा भएको र सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ द्वारा सभामा जानकारी भयो ।

**७. आसन ग्रहण :**

७.१ सभामा उपस्थित रहनु भएका कम्पनीका अध्यक्ष श्री डम्मर मणि थेवे लिम्वु ज्यू, प्रमुख अतिथि श्री कमल बहादुर राजलवट ज्यू र सञ्चालकहरु क्रमश: श्री राजेश्वर आचार्य ज्यू, श्री रमेश कुमार प्रधान ज्यू, श्री किशोर शेर्पा ज्यू, श्री भक्तराम खड्का ज्यू, श्री अनुपा ओझा ज्यू र श्री निरंजन पराजुली ज्यू स्वयम् सभा स्थलमा उपस्थित भई ड्यासमा आसन ग्रहण गर्नु भएको थियो ।

७.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री डा. मदन घिमिरे, शेयर रजिष्ट्रारको प्रतिनिधि श्री बद्री प्रसाद प्याकुरेल, निर्वाचन अधिकृत श्री विश्वम्भर बुढाथोकि, सहायक निर्वाचन अधिकृत श्री उमा प्रसाई र कम्पनीका बरिष्ठ पदाधिकारीहरुलाई आसन ग्रहण गराईएको थियो ।

७.३ नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डका प्रतिनिधि ज्यूहरुलाई सभामा सहभागिता जनाउन र आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

७.४ सभा स्थलमा स्वयम् उपस्थित हुनुभएको सम्पूर्ण शेयरधनी महानुभावहरु, पत्रकार साथीहरु लगायत अन्य आमान्त्रित महानुभावहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Estd.2070
Banepa, Kavre

**८. सभाको सभापतित्व तथा सभा सञ्चालन :**

कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम साधारण सभाको सभापतित्व कम्पनीको अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूले गर्नु भई सभाको कारवाहि प्रक्रिया अगाडि बढाउन कम्पनी सचिव श्री विश्वराज श्रेष्ठलाई अनुमति प्रदान गर्नु भयो । तत्पश्चात् प्रमुख अतिथि आन्तरिक राजस्व कार्यालयको प्रमुख कर अधिकृत श्री कमल बहादुर राजलवट तथा सभाका सभापति ज्यूबाट पानसमा बत्ति प्रज्वलित गरी सभाको समुद्घाटन गर्दै सभाको कार्यक्रम अगाडी बढाउनु भयो ।

**९. स्वागत मन्तव्य तथा शुभकामना ब्यक्त :**

यस संस्थाका संचालक श्री राजेश्वर प्रसाद आचार्य ज्यूले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, संस्थापक तथा सर्वसाधारण शेयरधनी एवं सभामा उपस्थित अन्य आमन्त्रित महानुभावहरुलाई स्वागत मन्तब्य राख्नु भएको थियो ।

**१०. संस्थाको वार्षिक प्रतिवेदन सहित पूर्व सूचित सामान्य तथा विशेष प्रस्तावहरु प्रस्तुत :**

यस गरिमामय सभाको काम-कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूले शेयरधनी महानुभावहरुलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात तथा २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सो अवधिको नगद प्रवाह विवरण सभा समक्ष छलफल गरी निर्णयको रुपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०७७/०७८ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०७८/०७९ को भावी योजना तथा कार्यक्रमहरुको बारेमा विवरण प्रस्तुत गरी पारित गरिदिन हुनको लागि अनुरोध गर्नुभयो साथै पूर्व सूचित सामान्य तथा विशेष प्रस्तावहरु बारे जानकारी गराउदै अनुमोदनको लागि समेत अनुरोध गर्नु भयो । अन्त्यमा, धन्यवाद ज्ञापन गर्नु हुँदै शेयरधनी महानुभावहरुको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

**११. शेयरधनीको तर्फबाट गरिएको मन्तब्य, जिज्ञासा एवं सूझाव**

शेयरधनी महानुभावहरुको तर्फबाट सभामा १ जना शेयरधनी महानुभावले निम्नानुसारको आफ्नो मन्तब्य, जिज्ञासा एवं सुझाव राख्नु भयो ।

**क) श्रीमती मेनु प्याकुरेल - संस्थापक शेयरधनी**

११.१. वित्तीय संस्थाले विगत देखि हाल सम्म शेयरधनी महानुभावहरुलाई आकर्षक लाभांस प्रदान गर्दै आइरहेको प्रति धन्यवाद प्रकट गर्दै हाल बैकिङ्ग क्षेत्रमा देखिएको तरलताको अभाव, लघुवित्त संस्थाहरु बिच बढ्दै गइरहेको अस्वस्थ्य प्रतिस्पर्धा कारण वित्तीय संस्थालाई पर्न सक्ने प्रभाव एवम् जोखिमलाई मध्यनजर गर्दै रणनीति योजना सहित अघि बढ्नको लागि सञ्चालक समितिलाई सूझाव प्रदान गर्नुभयो ।

**१२. सञ्चालक समितिको तर्फबाट जिज्ञासा र सुझाव बारे जानकारी :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति ज्यूले शेयरधनी महानुभावहरुबाट आएको जिज्ञासा तथा सुझावलाई संस्थाको हितमा शेयरधनीबाट भएको सकरात्मक धारणाको प्रशंसा गर्दै बुँदागत रुपमा प्रष्ट पार्नुभयो ।

१२.१ हाल बजारमा देखिएको तरलताको अभावको कारण वित्तीय संस्थाको व्यवसाय विस्तारमा केहि असर परेको भएता पनि यसलाई आन्तरिक रुपमा व्यवस्थापन गर्दै आइरहेको साथै लघुवित्त संस्थाहरु बिच हुने अस्वस्थ्य प्रतिस्पर्धालाई वित्तीय संस्थाले आवश्यक रणनीति योजना सहित आफ्नो ग्राहक

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Estd.2070
Banepa, Kavre

सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आइरहेको साथै आगामी दिनमा पनि शेयरधनी महानुभावहरुलाई आकर्षक लाभांसहरु प्रदान गर्न सञ्चालक समिति लागि पर्ने व्यहोरा अवगत गराउनु भयो ।

सभामा उठेको जिज्ञासा र सुझावका सम्बन्धमा सञ्चालक समितिका सदस्य तथा सभाका समापति ज्यूले जवाफ दिनुभए पछि सभाको साधारण तथा विशेष प्रस्ताव उपर छलफल तथा निर्णयका लागि सभापतीद्धारा सभामा अनुरोध गरियो ।

**१३. सभाबाट भएको निर्णयहरु :**

यस सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमुल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्व सूचित प्रस्तावहरुलाई क्रमशः पारित गरिदिन सभापति ज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरु उपर सभाका शेयरधनी महानुभावहरुले देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

**क. निर्धारित सामान्य प्रस्तावहरु तथा सो उपर भएको निर्णयहरु :**

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७७/०७८ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.१) मा भएको प्रस्ताव अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको तर्फवाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदनमा समेटिएको विवरणहरु निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदन उपस्थित शेयरधनी महानुभावहरुले प्रशंसा सहित ध्वनीमतले पारित गरियो ।

**२. आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धित अनुसूचीहरु पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.२) मा भएको प्रस्ताव अनुसार कम्पनीको बाह्य लेखापरीक्षक श्री एल.एस.पी. एसोसियट्सका सिए गोपाल कुमार श्रेष्ठ द्धारा प्रमाणित आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षक प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु सभाद्धारा पारित गरियो ।

**३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/०७९ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको बाह्य लेखापरीक्षक एल.एस.पी. एसोसियट्स, ललितपुर पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)**

निर्धारित विषयसूची नं. ४(क.३) मा भएको प्रस्ताव अनुसार कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति गर्न संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भई सञ्चालक समितिले समेत उचित ठहराए बमोजिम बाह्य लेखापरीक्षक एल.एस.पी. एसोसियट्सका चार्टर एकाउन्टेन्ट श्री गोपाल कुमार श्रेष्ठलाई नियुक्त गर्ने र निजलाई कम्पनीको वैधानिक लेखापरीक्षण,

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2070 Banepa, Kavre

कर लेखापरीक्षण, विस्तृत लेखापरीक्षण प्रतिवेदन (LFAR) तथा कम्पनी ऐनको दफा ७८ को विवरण प्रमाणिकरण बापत रु. २,२५,०००/-(अक्षरेपी दुई लाख पच्चिस हजार रुपैया मात्र), लेखापरीक्षण अवधिमा दैनिक भत्ता स्वरुप मूख्य लेखापरीक्षकलाई रु. ३,०००/- (अक्षरेपी तिन हजार रुपैया मात्र), लेखापरीक्षण कार्यमा संलग्न अन्य पदाधिकारीहरुलाई रु. १,२००/- (अक्षरेपी एक हजार दुई सय मात्र) र बास्तविक खर्च अनुसार यातायात खर्च प्रदान गर्ने निर्णय सभाद्धारा सर्वसम्मतिले पारित गरियो ।

**४. आर्थिक बर्ष २०७८/०७९ को बार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.४) मा भएको प्रस्ताव अनुसार कम्पनीको सञ्चालक समितिबाट नियमानुसार स्वीकृत आर्थिक वर्ष २०७८/०७९ को प्रस्तुत बार्षिक कार्यक्रम, योजना तथा बजेट उपर आवश्यक छलफल गरी सभाद्धारा मुक्तकण्ठले प्रशंसा सहित अनुमोदन गरियो । जसमा ६० वटा शाखा कार्यालयहरु मार्फत कूल लगानीमा रहेको कर्जा रु. ४ अर्व ७२ करोड पुऱ्याउने लक्ष्य सहित कुल आम्दानी रु. ६३ करोड २६ लाख र कुल खर्च रु. ४३ करोड ९३ लाख हुने गरी खुद मुनाफा रु १२ करोड ३० लाख आर्जन गर्ने गरी योजना गरिएको बजेट तथा अन्य गैर वित्तीय क्रियाकलापहरु अर्न्तगत क्याप नेपालसँगको साझेदारितामा ग्राहक सदस्यहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न किसिमको सीपमूलक तथा अभिमुखिकरण तालिमहरु संचालन गर्ने प्रस्तावित योजना तथा कार्यक्रमहरु समेत समेटिएको छ ।

**५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७७/०७८ सम्मको वितरणयोग्य मुनाफाबाट २०७८ असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. २८,५६,२०,१६०/- को ५ प्रतिशतले हुन आउने रकम १,४२,८१,००८/- (अक्षरेपी एक करोड बयालिस लाख एकासी हजार आठ रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.४) मा भएको प्रस्ताव अनुसार कम्पनीको आर्थिक वर्ष २०७७/०७८ को वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै २०७८ आषाढ मसान्त सम्म कायम कूल चुक्ता पूँजी रु. २८,५६,२०,१६०/- को ५ प्रतिशतले हुन आउने रकम रु. १,४२,८१,००८/- ( अक्षरेपी एक करोड बयालिस लाख एकासी हजार आठ रुपैया मात्र) नगद लाभांश वितरण गर्न सञ्चालक समितिबाट प्रस्ताव भई नेपाल राष्ट्र बैकद्धारा समेत स्वीकृत भएको प्रस्तावित नगद लाभांश शेयरधनीहरुलाई वितरण गर्नको लागि सभामा प्रस्तुत गरिएको प्रस्ताव उपर सभाद्धारा कोभिड १९ ले सिर्जना गरेको विषम परिस्थितिका बाबजुद शेयरधनीहरुलाई आकर्षक नगद लाभांस वितरण गर्न सकेको भनि मुक्तकण्ठले प्रशंसा गर्दै उक्त नगद लाभांस वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

साविक समता लघुवित्त र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई मिति २०७८/०१/०२ गते देखि एकीकृत वित्तीय कारोवार शुरुवात गरिएको हुँदा आयकर ऐन २०५८ को दफा ४७ (क) उपदफा ५ मा भएको व्यवस्था बमोजिम घोषित लाभांश रकममा लाग्ने लाभांश करको छुट हुने व्यवस्था बमोजिम कर रकम नछुटाइएको व्यहोरा समेत सभालाई जानकारी गराईयो ।

**ख. निर्धारित बिशेष प्रस्तावहरु तथा सो उपर भएको निर्णयहरु :**

**१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७७/०७८ सम्मको वितरणयोग्य मुनाफा र शेयर स्वाप आम्दानीबाट २०७८ असार मसान्तसम्म कायम चुक्ता पूँजी रु. २८,५६,२०,१६०/- को**

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Estd.2070
Banapa, Kavre

**२० प्रतिशतले हुन आउने रकम रु. ५,७१,२४,०३२/- (अक्षरेपी पाँच करोड एकहत्तर लाख चौबिस हजार बत्तिस रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.१) अन्तर्गत रहेको कम्पनीको आर्थिक वर्ष २०७७/०७८ सम्मको वितरणयोग्य मुनाफा र शेयर स्वाप आम्दानी (रु. १,४०,७०,०००) बाट शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै २०७८ आषाढ मसान्तसम्म कायम रहेको कूल चुक्ता पूँजी रु. २८,५६,२०,१६०/- को २० प्रतिशतले हुन आउने रकम रु. ५,७१,२४,०३२/- (अक्षरेपी पाँच करोड एकहत्तर लाख चौबिस हजार बत्तिस रुपैया मात्र) बोनस शेयर जारी गर्न सञ्चालक समितिबाट प्रस्ताव भई नेपाल राष्ट्र बैंकद्वारा स्वीकृत भएको प्रस्तावित बोनस शेयर जारी गर्ने प्रस्ताव सभाद्धारा मुक्तकण्ठले प्रशंसा गर्दै सर्वसम्मतिले पारित गरियो ।

**२. वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-८, काभ्रेपलाञ्चोकबाट बनेपा-७, काभ्रेपलाञ्चोकमा स्थानान्तरण गरी ठेगाना परिवर्तन गर्ने प्रस्ताव अनुमोदन गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.२) मा भएको प्रस्ताव अनुसार साविक समता लघुवित्त र साविक घरेलु लुघवित्त वित्तीय संस्था लि. बिच नियमानुसार एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई बनेको समता घरेलु लघुवित्त वित्तीय संस्था लि. को केन्द्रीय कार्यालयको ठेगाना दुई पक्ष बिच भएको पूर्व सहमति अनुसार साविक घरेलु लघुवित्तको केन्द्रीय कार्यालयको ठेगाना बनेपा-८, काभ्रेपलाञ्चोक कायम रहने भन्ने सहमति भएको र सोहि अनुसार संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिएको भएता पनि दुई वित्तीय संस्था मर्जर पश्चात् कायम जनशक्तिहरुको संख्यात्मक बृद्धि साथै दैनिक आर्थिक तथा प्रशासनिक क्रियाकलापहरु संचालनमा समेत उक्त स्थानमा कठिनाई हुने देखिएको हुँदा नियमानुसार नेपाल राष्ट्र बैंकबाट मिति २०७८/०३/१७ गते प्राप्त पत्र अनुसार केन्द्रीय कार्यालय स्थानान्तरणको लागि स्वीकृति प्रदान गरिए बमोजिम संस्थाको केन्द्रीय कार्यालय हाल बनेपा-७, काभ्रेपलाञ्चोकमा स्थानान्तरण गरी दैनिक आर्थिक तथा प्रशासनिक क्रियाकलापहरु सम्पन्न गर्दै आइरहेको हुँदा सम्बन्धीत नियामक निकायको स्वीकृति पश्चात् कायम परिवर्तित ठेगाना बनेपा-७, काभ्रेपलाञ्चोकलाई सभाद्धारा अनुमोदन गर्नुको साथै सोहि बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको आवश्यक बुदाहरु संशोधन गर्ने प्रस्ताव समेत सभाद्धारा सर्वसम्मतिले पारित गरियो ।

**३. वित्तीय संस्थाको प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम शेयर संरचना ७० : ३० (संस्थापक : सर्वसाधारण) कायम हुने गरी पुनः सर्वसाधारणलाई शेयर (Further Public Offering-FPO) जारी गर्ने ।**

निर्धारित विषयसूची नं. ४ (ख.३) मा भएको प्रस्ताव अनुसार साविक समता लघुवित्त र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न पश्चात् बनेको समता घरेलु लघुवित्त वित्तीय संस्था लि. को कुल चुक्ता पूँजी रु. २८,५६,२०,१६०/- कायम भएको जसमध्ये संस्थापक शेयर ७५।९१% अर्थात रु. २१,६८,१८,११२/- र सर्वसाधारण शेयर २४।०९% अर्थात रु. ६,८८,०२,०४८/- देखिएको हुँदा सभाद्धारा पारित बोनस शेयर रकम रु. ५,७१,२४,०३२/- समेत समायोजन पश्चात् वित्तीय संस्थाको कुल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- (संस्थापक : २६,०१,८१,७३४ (७५.९१%), सर्वसाधारण : ८,२५,६२,४५८ (२४।०९%)) कायम हुने र वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६ (घ) र (ङ) मा भएको व्यवस्था बमोजिम पूँजी संरचना ७० : ३० (संस्थापक : सर्वसाधारण) कायम गराउन सर्वसाधारण तर्फको आवश्यक शेयर रकम रु.

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Estd.2070
Banepa, Kavre

२,८९,४४,०००/- (२,८९,४४० कित्ता) बराबरको शेयर सर्वसाधारणलाई पुनः शेयर (Further Public Offering-FPO) जारी गर्ने प्रस्ताव सभाद्धारा ध्वनीमतले पारित गरियो । साथै यस सम्बन्धमा सम्बन्धीत नियामक निकायहरुसँग आवश्यक प्रक्रियाहरु अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत सभाद्धारा सर्वसम्मतिले पारित गरियो ।

**थप विवरण :**

| सि. नं. | समूह | बोनस शेयर समायोजन हुनुभन्दा अघि चुक्ता पुजीको विवरण | | पारित बोनस शेयर | बोनस समायोजन पश्चात् चुक्ता पुजी | सर्वसाधारणलाई पुनः शेयर (FPO) | FPO पश्चात् कायम हुने चुक्ता पुजी | FPO पश्चात् कायम हुने शेयर संरचना |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल चुक्ता पुजी | देखिएको पुजी संरचना | | | | | |
| १ | संस्थापक | २,१६८,१८१।१२ | ७५.९१% | ४३३,६३६।२२ | २,६०१,८१७।३४ | - | २,६०१,८१७।३४ | ७०% |
| २ | सर्वसाधारण | ६८८,०२०।४८ | २४.०९% | १३७,६०४।१० | ८२५,६२४।५८ | २८९,४४०।०० | १,११५,०६४।५८ | ३०% |
| जम्मा | | २,८५६,२०१।६० | १००% | ५७१,२४०।३२ | ३,४२७,४४१।९२ | २८९,४४०।०० | ३,७१६,८८१।९२ | १००% |

**४. वित्तीय संस्थाको सञ्चालक समितिमा १ जना महिला सञ्चालक सहित जम्मा ६ जना सञ्चालकहरु मध्ये संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.३) मा भएको प्रस्ताव अनुसार गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात् कायम तदर्थ सञ्चालक समितिको पदावधी समाप्त भई चालु आठौं वार्षिक साधारण सभाद्धारा वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार १ जना महिला सञ्चालक सहित जम्मा ६ जना सञ्चालकहरु मध्ये संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्नु पर्ने प्रस्ताव बमोजिम संस्थापक समुहमा आवश्यक ४ जना मध्ये ५ जना उम्मेदवारहरुको उम्मेदवारी प्राप्त भए अनुसार निर्वाचन प्रक्रियाद्धारा देहाय बमोजिमको पदाधिकारीहरु निर्वाचित हुनु भएको साथै सर्बसाधारण समुहमा आवश्यक २ जना मध्ये २ जनाको मात्र उम्मेदवारी प्राप्त भएको र निजहरु उपर कुनै पनि किसिमको दावी विरोध प्राप्त नभएको हुँदा देहाय बमोजिको पदाधिकारीहरु र्निबिरोध निर्वाचित हुनु भएको साथै नियमानुसार उक्त निर्वाचित पदाधिकारीहरु मध्येबाट सञ्चालक समितिको बैठकबाट एक जनालाई सञ्चालक समितिको अध्यक्षमा चयन गरी आगामी चार वर्षको लागि वित्तीय संस्थाको सञ्चालक समिति गठन गरी नियमानुसार वित्तीय संस्थाको काम कारवाहि अघि बढाउने गरी अख्तियार प्रत्योजन गर्ने निर्णय समेत सभाद्धारा सर्वसम्मति पारित गरियो ।

**तपसिल :**

| क्र.सं. | पद | निर्वाचित सञ्चालकको नाम थर | ठेगाना | प्रतिनिधित्व समूह |
|---|---|---|---|---|
| १ | सञ्चालक | श्री डम्मर मणि थेवे लिम्बु | जीतपुरसिमरा-१, बारा | संस्थापक |
| २ | सञ्चालक | श्री राजेश्वर प्रसाद आचार्य | कलैया-४, बारा | संस्थापक |
| ३ | सञ्चालक | श्री विश्वराम खड्का | काठमाण्डौं-९, काठमाण्डौं | संस्थापक |
| ४ | सञ्चालक | श्री हरि बहादुर भण्डारी | भरतपुर-५, चितवन | संस्थापक |
| ५ | सञ्चालक | श्री भक्तराम खड्का | बुढानीलकण्ठ-४ काठमाण्डौं | सर्वसाधारण |
| ६ | सञ्चालक | श्री अनुपा ओझा | काठमाण्डौं-७, काठमाण्डौं | सर्वसाधारण |

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Estd.2070
Banepa, Kavre

**५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.५) मा भएको प्रस्ताव अनुसार वित्तीय संस्थालाई भविष्यमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रयोजनको लागि अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने लगायत गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रियाहरु पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सभाद्धारा ध्वनीमतले पारित गरियो ।

**६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.६) मा भएको प्रस्ताव अनुसार माथि उल्लेखित विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरुबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवम् परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई आवश्यक संशोधन एवम् परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्धारा सर्वसम्मतिले पारित गरियो ।

**ग. विविध**

विविध अन्तर्गत यस आठौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि यस सभाका सभापती तथा सञ्चालक समितिका अध्यक्ष, संस्थाका प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवको हस्ताक्षर मान्य हुने निर्णय सर्वसम्मतिले पारित गरियो ।

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited Estd.2070 Banepa, Kavre

## १४. वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा संशोधनको सभाद्धारा पारित तीन महले विवरण :

- **प्रबन्धपत्र संशोधन प्रस्तावहरु :**

| दफा | प्रबन्धपत्रको हालको व्यवस्था | संशोधन प्रस्ताव | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| २.१ | <u>कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:</u> यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं. ८ मा रहनेछ । | **<u>कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:</u>** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं. ७ मा रहनेछ । | केन्द्रीय कार्यालयको दैनिक कामकारबाहीलाई सहज हुने गरी मिति २०७८/०३/१७ गतेको पत्रानुसार नेपाल राष्ट्र बैंकद्धारा स्वीकृत ठेगाना अनुसार संशोधन गर्नुपर्ने भएकोले । |
| ६.ख | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. ३०,९७,४०,१६०/- (अक्षरेपी तिस करोड सन्तानब्बे लाख चालिस हजार एक सय साठि मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु १०० का दरका ३०,९७,४०१.६० (तिस लाख सन्तानब्बे हजार चार सय एक दशमलव छ शून्य) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. ३७,१६,८८,१९२/-(अक्षरेपी सैतिस करोड सोह्र लाख अठासी हजार एक सय बयानब्बे मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु १०० का दरका ३७,१६,८८१.९२ (सैतिस लाख सोह्र हजार आठ सय एकासी दशमलव नौ दुई) थान साधारण शेयरमा विभाजन गरिएको छ । | हाल जारी चुक्ता पूँजी रु. ३०,९७,४०,१६०/- मा सो बेला जारी हुन बाकी शेयर पुँजी रकम रु. २,४१,२०,०००/- बराबरको रकम FPO मार्फत जारी गरी प्रवन्धपत्रमा भएको व्यवस्था अनुसार पुँजी संरचना ७०:३० (संस्थापक:सर्वसाधारण) कायम गर्ने योजना रहेको भएता पनि आ.व. २०७७/७८ को बोनस शेयर रकम रु. ५,७१,२४,०३२/- सभाद्धारा पारित भई वितरण पश्चात् पुँजीकृत हुँदा प्रवन्धपत्रमा भएको व्यवस्था अनुसार पुँजी संरचना कायम गर्न रु. २,८९,४४,०००/- बराबरको FPO जारी गर्नुपर्ने र सो FPO बराबरको रकम साथै पारित बोनस शेयर रकम समेत पुँजीकृत भई हाल कायम चुक्ता पुँजी रु. २८,५६,२०,१६०/- मा समायोजन हुँदा जारी पुँजी बृद्धि हुने भएकोले । |
| ६.ग | वित्तीय संस्थाको चुक्ता पूँजी रु. २८,५६,२०,१६०/- (अक्षरेपी अट्ठाइस करोड छपन्न लाख बिस हजार एक सय साठि मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३७,१६,८८,१९२/- (अक्षरेपी सैतिस करोड सोह्र लाख अठासी हजार एक सय बयानब्बे मात्र) हुनेछ । | हाल कायम चुक्ता पुँजी रु. २८,५६,२०,१६०/- मा आ.व. २०७७/७८ को जारी २० प्रतिशत बोनस शेयर रकम रु. ५,७१,२४,०३२ र प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम पूँजी संरचना मिलानको लागि FPO मार्फत जारी हुने थप शेयर रकम रु. २,८९,४४,००० समेत पुँजीकृत हुँदा कुल चुक्ता पुँजी बृद्धि हुने भएकोले । |

- **नियमावली संशोधन प्रस्तावहरु :**

| नियम | नियमावलीमा हालको व्यवस्था | संशोधन प्रस्ताव | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| २.१ | <u>वित्तिय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना</u> यस वित्तीय संस्थाको रजिष्टर्ड (मुख्य) कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं. ८ मा रहनेछ । | <u>वित्तिय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना</u> यस वित्तीय संस्थाको रजिष्टर्ड (मुख्य) कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं. ७ मा रहनेछ । | केन्द्रीय कार्यालयको दैनिक कामकारबाहीलाई सहज हुने गरी मिति २०७८/०३/१७ गतेको पत्रानुसार नेपाल राष्ट्र बैंकद्धारा स्वीकृत ठेगाना अनुसार संशोधन गर्नुपर्ने भएकोले । |

१५. **धन्यवाद ज्ञापन :**

यस संस्थाको संचालनमा सहयोग गर्ने नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायत सरोकारवाला निकायहरु तथा अन्य व्यक्तित्वहरुलाई धन्यवाद दिने निर्णय गरियो । साथै संस्था संचालनमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग एवम् सूझाव प्रदान गर्नुहुने सर्म्पूण शेयरधनी महानुभावहरुलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

१६. कम्पनी सचिवबाट यस साधारण सभामा समावेश विषयसूची अर्न्तगतका सम्पूर्ण विषयहरु माथि छलफल तथा निर्णयहरु समाप्त भएको व्यहोरा जानकारी गराए अनुरुप आजको यस साधारण सभा समापन गरिदिनको लागि सभाका सभापति महोदयलाई अनुरोध गरियो ।

१७. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरु समाप्त भएको जानकारी प्राप्त भए पश्चात् सभापति ज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सल्लाह तथा सूझावको लागि हार्दिक धन्यवाद दिनुको साथै यस आठौं वार्षिक साधारण सभा शान्त एवम् सौहार्दपूण वातावरण र सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने विभिन्न नियमनकारी तथा सरोकारवाला निकायका प्रतिनिधिहरु, पत्रकार साथीहरु, उपस्थित कार्यरत कर्मचारीहरु लगायत यस सभा हल उपलब्ध गराई सहयोग गर्नु हुने मिराबेल रिसोर्ट एण्ड होटललाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बर्तमान् सञ्चालक समितिको समायवधि समाप्त भएको साथै नयाँ सञ्चालकहरु नियुक्तिको लागि निर्वाचन सम्बन्धी प्रक्रिया अघि बढाउन निर्वाचन समितिलाई आग्रह गर्नु हुँदै बिदा हुनु भयो । र निर्वाचन समितिले सञ्चालक निर्वाचन सम्बन्धी प्रक्रियालाई व्यवस्थित एवम् पारदर्शि ढंगले सम्पन्न गर्दै निर्वाचित सञ्चालकहरुलाई प्रमाणपत्र वितरण सहित यस आठौं वार्षिक साधारण सभा साँझ ५:०० बजे बिसर्जन गरियो ।

| | | |
|---|---|---|
| ........................................ | | ........................................ |
| **श्री डा. मदन घिमिरे** | | **श्री डम्मर मणि थेवे लिम्बु** |
| **प्रमुख कार्यकारी अधिकृत** | | **अध्यक्ष** |

Samaaj Gharelu Laghubitta Bittiya Sanstha Limited, Estd.2070, Banepa, Kavre

........................................

**श्री विश्वराज श्रेष्ठ**

**कम्पनी सचिव**

**(सभा सम्पन्न मिति २०७८ साल पौष महिनाको ०७ गते बुधवार तदनुसार २२ डिसेम्वर २०२१)**